Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३०८ | वि.सं. २०८२ | फागुन | १६ | शनिवार | नेपाल संवत: ११४५, | फाल्गुण शुक्लपक्ष द्वादशी | Saturday | 28 | February | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# सामाजिक सञ्जालमाथी प्रहरीले बढायो निगरानी

## चेतावनी स्वरूप सम्झाइने, अटेर गरे कानुन बमोजिम कारवाही गरिने ।

"निर्वाचन डेक्समा खटिने टेलिकमका प्राविधिकहरुले प्रहरीलाई सामाजिक सञ्जाल प्रयोगकर्ताको लोकेशन लगायतका विवरण उपलब्ध गराउन सघाउने छन् ।"



**ओम शाही**

**सुर्खेत, १५ फागुन ।** आसन्न २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब ६ दिन बाँकी छन् । २३-२४ भदौको जेन-जी आन्दोलनपछि हुन लागेको निर्वाचनले आगामी पाँच वर्षका लागि प्रत्यक्षतर्फ एक सय ६५ र समानुपातिकतर्फ एक सय १० संघीय सांसद चुनिने छन् । सरकारले दशैभर निर्वाचनको तयारीलाई अन्तिम चरणमा पुऱ्याएको छ ।

निर्वाचन कार्यतालिका अनुसार कर्णाली प्रदेशका अधिकांश जिल्लामा पनि निर्वाचन तयारी अन्तिम चरणमा पुगेको छ । मतदानस्थल सुरक्षार्थ तीन वटै सुरक्षा निकाय तैनाथ भइसकेका छन् । त्यस्तै, निर्वाचन सामग्री र मतदान स्थलमा खटिने कर्मचारी पनि धमाधम कार्यक्षेत्रमा जानेक्रम जारी छ ।

निर्वाचनको मिति नजिकिएसँगै कर्णाली प्रदेश प्रहरीले सामाजिक सञ्जालमाथिको निगरानी बढाएको छ । निर्वाचनका समयमा विद्युतिय माध्ययम प्रयोग गरी प्रतिनिधिसभा सदस्यका उम्मेदवार, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता र मतदातामाथि निर्वाचन आचारसंहिताविपरित हुनसक्ने साइबर हमला रोक्न प्रहरीले सामाजिक सञ्जालमाथिको निगरानी बढाएको हो । जसका लागि १० वटै जिल्लाका जिल्ला प्रहरी कार्यालयमा साइबर सुरक्षा सम्बन्धि तालिमप्राप्त जनशक्ति व्यवस्थापन गरी छुट्टै साइबर डेक्स बनाइएको छ ।

उक्त डेक्समा नेपाल टेलिकमका दुई र प्रहरीका पाँच जना साइबर सुरक्षा सम्बन्धि तालिमप्राप्त अधिकृतलाई २४ सैं घण्टा निगरानीमा खटाइएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी वरिष्ठ उपरीक्षक रामप्रकाश शाहले जानकारी दिए । निर्वाचन डेक्समा खटिने टेलिकमका प्राविधिकहरुले प्रहरीलाई सामाजिक सञ्जाल प्रयोगकर्ताको लोकेशन लगायतका विवरण उपलब्ध गराउन सघाउने छन् ।

उनका अनुसार प्रहरीको साइबर सेलमा हालसम्म सुर्खेतबाहेक अन्य जिल्लामा उजुरी परेका छैनन् । जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक (डीएसपी) मोहनजंग बुढथापाले साइबर सेल स्थापना भएयता सुर्खेतमा निर्वाचन लक्षित २० वटा साइबर अपराध सम्बन्धिका उजुरी परेको बताए ।

'सामाजिक सञ्जाल प्रयोग गरेर विभिन्न राजनीतिक दलका उम्मेदवार, तिनका समर्थकहरुले निर्वाचनको मतपरिणाम प्रभावित गर्ने उद्देश्यले विपक्षी दल तथा मतदाता लक्षित नकरात्मक टिप्पणी, गालिगलौच, मानहानी, चुनाव विथोल्ने लगायत साइबर अपराध सम्बन्धि २० बढी उजुरी प्राप्त भएका छन्,' प्रवक्ता बुढथापाले भने । उनका अनुसार प्राप्त उजुरी मध्ये चार वटा फर्छ्यौट भएका छन् भने बाँकी १६ वटा उजुरी केन्द्रीय साइबर व्यूरोमा थप अनुसन्धानका लागि पठाइएको छ ।

बाँकी ३ पेजमा

### यस्तो छ साइबर अपराधको दण्ड सजाय

कम्प्युटर र त्यससँग सम्बन्धित उपकरणलाई माध्यम बनाएर कानुनले निषेध गरेका क्रियाकलाप गर्ने कार्यलाई साइबर अपराध भनिन्छ । नेपालको मुलुकी अपराध (संहिता) ऐन, २०७४ तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ का विभिन्न दफामा समेत अरूलाई हानि-नोक्सानी गरेको पाइएमा विभिन्न प्रकारका सजाय हुने कानुनी व्यवस्था छ ।

सामान्य अवस्थामा अनुमति नलिई कसैको तस्बिर खिच्नु, सामाजिक सञ्जालमा फोटो राख्नु, गाली वा बेइज्जती हुने गरी अर्काको प्रतिष्ठामा आँच पुग्ने गरी गरिने कुनै पनि कार्यलाई कानुनले अपराध मानेको अवस्था छ । ऐनको दफा ४४ देखि दफा ५८ सम्म विभिन्न प्रकारका कसुरको उल्लेख गरी सो प्रमाणित भएमा कानुनअनुसार ५० हजारदेखि पाँच लाखसम्म जरिवाना तथा ६ महिनादेखि पाँच वर्षसम्मका जेल सजाय कसुर अपराधको मात्रा हेरी अदालतले तोक्न सक्ने कानुनी प्रावधान रहेको प्रहरी प्रवक्ता बुढथापा बताउँछन् ।

यस्तै, निर्वाचन आयोगले ४ माघमा जारी गरेको निर्वाचन आचारसंसिहता-२०८२ मा सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेटस्पीच)जस्ता टिप्पणी गर्न वा गराउन नहुने भनेको छ ।

आचारसंहितामा कसैको चरित्रहत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानि गर्न वा यस्तै प्रकृतिका सामग्री उत्पादन, प्रकाशन वा प्रसारण गर्न नहुने उल्लेख गरिएको छ । आयोगले जारी गरेको निर्वाचन आचारसंहितामा महिला उम्मेदवारलाई अश्लील वा घृणित टिप्पणी गुर्न आचारसंहिताविपरीत

बाँकी ३ पेजमा

## निर्वाचन बिथोल्न खोज्ने १९ जना पक्राउ

प्रहरीले कर्णालीका दुई जिल्लाबाट निर्वाचन विरोधी गतिविधिमा संलग्न १९ जनालाई प्रक्राउ गरेको छ । प्रदेश प्रहरी कार्यालय सर्खेतले उपलब्ध गराएको तथ्यांक अनुसार निर्वाचन विरोधी गतिविधमा संलग्न रहेको आरोपमा सुर्खेतबाट १६ र सल्यानबाट तीन जनालाई पक्राउ गरेको छ ।

उनीहरुविरुद्ध सार्वजनिक शान्ति सुरक्षा खलल र अभद्र व्ययवहार शिर्षकमा मुद्दा दर्ता भई थप अनुसन्धानका लागि हिरासतमा राखिएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा द डेन्जरस स्कुल नामक युवा क्लवका आठसहित चुनाव बहिष्कार गरेका सात राजनीतिक दलमा आवद्ध व्यक्ति छन् । पक्राउ पर्नेमा कुनै राजनीतिक दल नखुलेका व्यक्तिसमेत छन् ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार चुनाव बहिष्कार गरेका राजनीतिक दल क्रान्तिकारी कम्युनिष्ट पार्टी, बैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी, क्रान्तिकारी कम्युनिष्ट पार्टी, बैज्ञानिक समाजबादी कम्युनिष्ट पार्टी, नेकपा बहुमत र नेकपा क्रान्तिकारीमा आवद्ध व्यक्तिहरुले अवाञ्छित गतिविधि देखाउन थालेपछि पक्राउ गरिएको हो ।

## दुई हजार ९३० अस्थायी मतदाता कायम

**युग संवाददाता**

**नेपालगन्ज, १५ फागुन ।** बाँकेमा दुई हजार ९३० अस्थायी मतदाता कायम गरिएका छन् । जिल्ला निर्वाचन कार्यालयले यहाँ आयोजना गरेको 'निर्वाचन र आमसञ्चार' विषयक अन्तरक्रियामा यस्तो जानकारी दिइएको हो ।

कार्यालयका प्रमुख टेकबहादुर शाहीले अस्थायी मतदाताका निम्ति जिल्लामा तीन अस्थायी मतदान केन्द्रसमेत निर्धारण गरिएको जानकारी दिए । निर्वाचन क्षेत्र नं १ को बैजापुरस्थित नौवस्ता कारागार, निर्वाचन क्षेत्र नं २ को बाँके कारागार र कर्मचारीका लागि रामलिला मैदानमा अस्थायी मतदान केन्द्र निर्धारण भएको उनले बताए ।

अस्थायी मतदाताले तोकिएका अस्थायी मतदान केन्द्रबाट समानुपातिक निर्वाचन प्रणालीमा मतदान गर्न पाउँछन् । नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको स्वामित्व र नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा वा कैदी, वृद्धाआश्रममा बसेका व्यक्तिलाई अस्थायी मतदाताका रूपमा मानिएको छ ।

कार्यालय प्रमुख शाहीले निर्वाचनको करिब सबै तयारी पूरा गरिएको र शनिबारदेखि सबै निर्वाचन क्षेत्रमा निर्वाचन सामग्री पठाउने कार्य सुरु हुने जानकारी दिए । "अब करिब १० प्रतिशत काम बाँकी छ । जिल्लाका तीनै निर्वाचन क्षेत्रमा निर्वाचन सामग्री पठाउने काम १७ गतेसम्म जारी रहन्छ । जिल्लामा परिचालन हुने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको तालिमसमेत सम्पन्न भइसकेको छ", उनले भने । जिल्लामा १३९ मतदानस्थल, ४०० मतदान केन्द्र र तीन लाख ५० हजार ३७१ मतदाता रहेका छन् ।

## निर्वाचन ५ दिन बाँकी : निर्वाचन अवधिभर मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध

**युग संवाददाता**

**काठमाडौँ, १५ फागुन ।** निर्वाचन आयोगले आजदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने भएको छ । आयोगले निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकबाट पारित निर्वाचन सुरक्षा योजनाअनुसार सो प्रस्ताव गरिएको हो ।

सुरक्षाको समग्र अवस्थाको समीक्षा एवं वस्तुस्थितिको आकलन तथा सुरक्षा व्यवस्थासम्बन्धी मार्गदर्शन तथा सिफारिससमेतका आधारमा आयोगले गृह मन्त्रालयलाई निर्देशन दिएको छ । आयोगले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृह मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिएको छ ।

जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ बमोजिम निषेध गरिएका कार्य हुन नदिने र कहींकतै भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन निर्देश गरिएको छ ।

मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मतका सवारीसाधन निर्वाध चल्न सक्नेछन् ।

त्यस्तै, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन, कूटनीतिक नियोगका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधन पनि

बाँकी ३ पेजमा

सडक प्रयोग गर्दा ध्यान दिऔं ।

- सडक सीमा अतिक्रमण नगरौं ।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं ।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं ।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं ।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं ।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं ।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं ।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

कविता

# सद्भावको सन्तरी



जय रिमाल

आजकाल बढेको
मोबाइलको "रिङटोन" ले
सूचना र जानकारीसँगै
व्यस्तता बढाइरहेछ।
समन्वयका पानामा
हार्दिकताका हरफ बढाउँदै
जाँदा
छिमेकमा लागेको आगोले
चिन्ता थपिरहेछ।

आशङ्काले जन्माएको
कम्पनसँगै,
आक्रोशको ज्वारभाटा
थाम्नुछ यहाँ।
सडकमा निस्केको
मशालभन्दा धेरै
सामाजिक सञ्जालको
आगो निभाउनुछ जहाँ।

मन्दिरको घण्टी र
मस्जिदको अजान
दुवैको अस्तित्व जोगाउनुछ
यहाँ।
मतदाता र मतपेटिकाको
मात्रै होइन
आफ्नै विश्वासको रक्षा
गर्नुछ जहाँ।
हामी सचेत छौँ
कतै एउटा अफवाहले
सहरको शान्ति नखोसियोस्
! धार्मिक-सांस्कृतिक
सद्भाव तोड्न
प्रतिशोधको आगो
नभोसियोस् !!

हामी प्रतिबद्ध छौँ
सेवाले भरिएको हाम्रो
मस्तिष्कलाई
तन-मनले कहिल्यै थाक्न
दिँदैनौँ।
देश र जनताको शान्तिको
अभिलाषा
कसैले चाहँदैमा रोक्न
दिँदैनौँ।
हामी बुझ्दछौँ
नागरिकको मौन अपेक्षा
हाम्रो साथमा छ सहकर्मीको
अटल भरोसा।
चिर्दै जानेछौँ सबै
प्रतिकूलता
किनकि, कर्तव्य नै हो हाम्रो
जिजीविषा।

कथा :

# नपल्टिएको पात्रो



प्रा.डा. अजय रिसाल

अचानक निद्राबाट ब्युँझियो हरि। हतपत मोबाइलमा हात पुर्याएर बत्ती बाल्यो। बिहानको साढे दुई मात्र भएको रहेछ। एक बोतल पानी घटघट पिएरै रित्यायो। मोबाइलको टर्च लाइट बलि नै रहेको थियो। ओछ्यानको सीधा भित्तामा झुण्डिरहेको भित्तेपात्रो (क्यालेण्डर)मा आँखा ठोक्कियो उसको।

'चैत्र २०७५' .......उसको आँखाले पढ्न थालिहाल्यो।

'आज फागुन ७ गते २०८२ को। ओहो ! झण्डै सात वर्ष, न त पात्रो फेरिएको रहेछ न त महिना नै पल्टिएको रहेछ...।" मनमनै सोच्यो उसले। निद्रा त पूरै भागिसकेको थियो उसको आँखाबाट। सपनासरी पुराना दिनहरू आउन थाले उसका आँखाअगाडि। चलचित्रका दृश्यझैं स्पष्ट थिए ती, सपाट अनि सत्य।

चैत्र ७, २०७५; उसको छोरो (अझ एक मात्र सन्तान), रविले घर छोडेर गएको दिन। त्यो दिन पछि त उसका लागि सबै दिन उस्तै, उही दिनचर्या, एक्लो ज्यान। जे गरे पनि, जसरी हुन्छ दिन कटाउने मेलो मात्र। कत्ति दुःखका साथ हुर्काएको थियो त्यो छोरोलाई उसले !

झण्डै आधा शताब्दी अगाडिको कुरो। रमिलासित परिवारको अस्वीकृति अनि विरोधका बावजुद प्रेम विवाह गरेको थियो हरिले १८ वर्षको उमेरमा नै। तीन पटकसम्म नै लगातार एस.एल.सी फेल भएपछि 'पढ्न सक्दिनँ' भनेर हार मानेको थियो उसले। घरमै हल्लिएर दिन बिताउन थालेपछि बुवा अनि दाजुहरूले धेरै सम्झाए, बुझाए, गाली गरे उसलाई। अत्ति नै भयो भन्ने ठानेछ क्यारे, अनि घर नजिकैको गलैंचा कारखानामा मजदुरी गर्न थाल्यो। त्यहीं काम गर्ने रमिलासित उसको किशोर प्रेम झाँगिँदै गयो। जवानीको जोशमा ती दुई काम छाडेर डुल्ने, घुम्ने, रमाइलो गर्ने गरेर नै समय बिताउन थाले। अन्ततः कामबाट दुवै निकालिए।

हरिले रमिलासँग बिहे नगरी नछाड्ने जिद्दी गर्न थाल्यो। "उमेर भइनसकेको, कमाइ नभएको, जात नमिल्ने" जस्ता अनेकौं कारण देखाएर उसको परिवारले त्यो बिहे रोक्न खोज्यो, सबैले सम्झाइ–बुझाइ गरे। रमिलाको परिवार पनि त्यत्ति खुशी थिएन त्यो प्रेम–विवाहको कुरामा तर दुवै फिल्ममा देखाए जस्तो 'आशिकी'मा मग्न थिए।

एक दिन १८ वर्षे हरि अनि १७ वर्षे रमिलाले आ–आफ्ना घर–परिवारलाई सुटुक्कै छाडिदिए। आफ्नो घरबाट भागेर, अनि पोखरा शहरलाई नै छोडेर दुवै काठमाडौं आए। हरिले घरबाट चोरेर ल्याएको दश हजार रुपैंयाले केही समय त धान्यो उनीहरूलाई। असनमा छिँडीको कोठा भाडामा लिएर बस्न थालेका थिए दुवै। रमिलाले चकलेट, चुरोट, सुपारी, तितौरा, बिस्कुट आदिको नाङ्ले पसल थापी असन बजारमा। हरिले भने भारी बोक्ने काम गर्न थाल्यो।

दुवैले यस्तो फिल्मी शैलीको प्रेमकथालाई चालू नै राखिरहेका थिए। यसैबीच रमिला गर्भवती भई। अब उनीहरूको आवश्यकता झनै बढ्ने अवस्थामा पुग्यो। २० वर्ष लागेको हरिमा केही मात्रामा यथार्थताको झस्को पस्न थालेको थियो। तर के गर्ने ? घर–परिवार त्यागेर बिरानो शहरमा आएका उनीहरूको त्यहाँ आफ्ना–भन्ने कोही पनि त थिएनन्। न त उनीहरूमा पढाइलेखाइ, कामको सीप, दक्षता या योग्यता नै थियो। उमेरको जोश त थियो तर परिपक्वता भने अलिकति पनि थिएन।

तत्कालीन समयमा घटित भएको अभाव, चिन्ता, गरिबीको चरम अवस्थाले उनीहरूको प्रेमलाई उही पुरानै गति या अवस्थामा कायम राखिरहने कुरै भएन। बिस्तारै उनीहरूबीच झगडा, चिच्याहट, रिसराग देखिन थाल्यो। हाँस्ने, रमाउने, गीत गाउने जोडी अब त निहुँ खोज्ने, नबोल्ने, रुने–कराउने गर्न थालेका थिए।

काठमाडौंका अरु घरबेटीले भए यस्तो अशान्तिलाई सहिरहन सक्ने थिएनन्। तर भाग्यवश, उनीहरूका घरबेटी भने अलिक फरक प्रवृत्तिका भए। त्यस घरकी आमा दयालु प्रकृतिकी थिइन्। उनका छोरा म्यानपावर कम्पनी चलाएर बसेका रहेछन्। एक दिन ती आमा–छोरा आएर हरि–रमिला दम्पत्तीलाई सम्झाए। जीवनरुपी संघर्षका पाटाहरूका बारेमा, उकाली-ओरालीका बारेमा पनि अवगत गराए। घरबेटीका छोरा रमेशले हरिलाई खाडी मुलुकमा केही वर्ष काम गरेर पैसा कमाउने सल्लाह दिए। त्यसका लागि आफ्नो कम्पनीमार्फत् सहयोग गर्ने वचन पनि दिए। घरबेटी आमाले हरि बाहिर रहुञ्जेल रमिलालाई आफ्नो घरमा काम गर्ने मान्छेका रुपमा राख्ने भइन्। अझै उदार भएर उनले रमिलाको हेरविचार गर्ने, पेटको बच्चाको गर्भमा अनि जन्मपछि पनि स्याहारसुसारको व्यवस्था मिलाउने आश्वासन समेत दिइन्।

सबै चाँजोपाँजो मिलाएर, दुई महिनाकी गर्भवती रमिलालाई घरबेटी आमाको जिम्मामा छोडेर, रमेशसित केही रकम सापटी लिएर, केही हप्तापछि नै हरि दुबई प्रस्थान गर्यो। त्यहाँको एयरपोर्टमा सफाइ कर्मचारीको जागीर पनि पाएको थियो उसले। कमाइ राम्रै थियो। केही महिनाको पैसा जम्मा गरेर रमिलालाई पठायो। रमेशको ऋण पनि चुक्ता गर्यो। सात महिनापछि आफ्नो छोरो जन्मिएको खबर पाएपछि खुशी भएर झनै जोशका साथ काम गर्न थाल्यो हरि। एक वर्ष अझै काम गरेर, पैसा जम्मा गरी, नेपालमा आफ्नै घर बनाएर सानो व्यवसाय शुरु गर्ने सपना पनि देख्न थालिरहेको थियो। रमिलालाई मासिक रुपमा पैसा पनि पठाई नै रहेको थियो। तर जीवन आफूले सोचेजस्तो कहाँ हुन्छ र ? खुशी अनि सुख त कहिल्यै स्थायी हुँदै–हुँदैन।

एक दिन बिहानै हरिले खबर पायो– "छ महिनाको छोरालाई कोठामै सुतिरहेको अवस्थामा नै छोडेर, भएभरको पैसा लिएर रमिला त भागिछ।" ऊ छाँगाबाट खसेझैं भयो, होसहवाश ठेगानमा रहेन।

घरबेटी आमाले त, " चिन्ता नगर। तिम्रो बच्चालाई म आफ्नै नातिलाई झैं पाल्छु। त्यस्तो राम्रो जागीर नछाड। अलि महिना/वर्ष काम गरेर राम्रो पैसा कमाएर आउनू" भनेकै थिइन्। तर हरिको मन मानेन। अलिकति जम्मा भएको पैसा लिएर, अनि त्यहाँको काम छोडेर ऊ काठमाडौं नै फर्कियो। घरबेटी दाइ रमेशले सानो होटेल खोलेको थियो रत्नपार्कमा, हरिले त्यहीं काम गर्न थाल्यो। घरबेटी आमाले बच्चाको राम्रो हेरविचार गर्दैथिइन्, हरि फर्केर आएपछि झनै सजिलो भयो उनलाई। उनले हरिलाई बच्चाको लागि भए पनि अर्को बिहे गर्न सुझाएकी थिइन्, केटी पनि देखाएकी थिइन् तर हरिले मानेन। आफ्नो छोरालाई आफैले दुःख गरेर हुर्काउने अड्डी लियो।

अलिकति पैसा जम्मा भएपछि हरिले आफ्नो डेरा नजिकै एउटा पुरानो दुई कोठा भएको एक तल्ले घर किन्यो। दिनभरि घरबेटी आमाकै जिम्मामा छोरालाई छोडेर ऊ काममा जान्थ्यो। राति फर्किएर आएपछि छोरालाई लिएर घरमा गएर सुत्थ्यो। छोराको खाने लाउने सब घरबेटीकै घरमा, अनि आफ्नो खाने लाउने आफूले काम गरिरहेकै होटेलमा, यसरी नै उनीहरूका दिन बितिरहेका थिए। अत्यन्तै सहृदयी घरबेटी पाएका थिए उनीहरूले। छोरा पनि अब त पाँच वर्ष पुगिसकेको थियो। त्यति बेलासम्म हरिले न त आफ्नो पोखरा घरपट्टिको, न त रमिलाको, न त उसको घरतिरकाको नै कुनै खोजखबर गरेको थियो। न त त्यतातिरबाट नै केही सोधखोज भइरहेको थियो। समय एकनास बगिरहेको थियो, अनि उनीहरूको जीवन पनि त्यसैको रफ्तारमा चल्दै थियो।

छोराको नाम रवि। छोरालाई स्कुल भर्ना गर्ने समय आएको थियो। घरबेटी आमा अनि रमेश दाइसँग सल्लाह गरेर घरनजिकैको स्कुलमा रविलाई भर्ना गरिदियो हरिले। हरि अफिस गएका बेलामा रविको देखभाल, खानपान सबैको जिम्मा मानौं घरबेटी आमाले नै लिइदिएको जस्तै नै थियो। रवि पढाइमा राम्रै थियो। नियमित रुपमा कक्षा चढ्दै गइरहेको थियो।

बाह्र वर्ष बित्न कति नै लाग्थ्यो र ? रविले एस.एल.सी. प्रथम श्रेणीमा पास गर्यो। बाबुले गर्न नसकेको काम आमा नभएको टुहुरो रविले गरेर देखायो। हरिको खुशीको सीमा नै थिएन तर खुशी साट्न उनीहरूकी सहारा घरबेटी आमा थिइनन्। उनको मृत्यु भइसकेको थियो। रमेश दाइले पनि त्यो होटेल हरिलाई नै बेचेर अर्को व्यवसाय गर्न थालिसकेका थिए। अब बाबुछोरा त्यही होटेलमा नै बस्न थालिसकेका थिए।

यसो हेर्दा ती बाबुछोराको राम्रो दिन आइरहेको प्रतीत भइरहेको थियो। तर समयको चाहना या खेल भने अर्कै नै थियो। ११ कक्षामा पढ्न थालेको रविको साथीहरूको दायरा फराकिलो हुँदै गइरहेको थियो। हरि चाहन्थ्यो, आफूले त्यस्तो दुःख गरेर, आफै बाबु अनि आमा पनि, दुवैको भूमिका निभाएर, आफ्ना जवानी, इच्छा-आकांक्षाको तिलाञ्जली दिएर, हुर्काएको छोरो रवि सधैं ऊसँगै रहोस्, उसको होटेल व्यवसाय सम्हालोस्। तर १८ वर्षे किशोर अवस्थाको, जवानीको हल्का रङ्ग चढेको रविलाई ती कुराको केही पनि मतलब नै थिएन। ऊ बेलुका मात्र घरमा देखा पर्दथ्यो। मन लागे बाबुसँग कुराकानी गर्दथ्यो, प्रायः बोल्दैनथ्यो। बाबुले खाना कुरेर बसिरहेको हुन्थ्यो छोरासँगै खानका लागि, तर ऊ भने खान मन नलागेको भन्दै आफ्नो कोठातिर गएर ढोका लगाएर बसिदिन्थ्यो। हरि त्यसै टोलाइरहन्थ्यो, अनि भोकै सुत्थ्यो। यसरी नै दिनरात-हप्ता-महिना-वर्ष बित्दै गइरहेका थिए।

इतिहास कसोकसो दोहोरिन पुगेझैं भइरहेको थियो। रवि आफ्नै कक्षामा पढ्ने एउटी केटीको पछि लाग्न थालेको थियो। प्रेमरोगले ती दुईलाई छोएझैं भान भइरहेको थियो। बाह्र कक्षा उतीर्ण भएका थिए दुवै।

हरि रविलाई अझै सानो बालक नै ठान्दथ्यो, यसलाई बाबुको एकोहोरो माया भन्ने कि के भन्ने ? तर रवि भने बाबुको छायामा बसिरहन चाहँदैनथ्यो, ऊ आफूलाई स्वतन्त्र अनि निर्धक्क कहलाउन चाहन्थ्यो। रवि घर त बस्दै-बस्दैनथियो। घरभित्र पनि ऊ कोठामा ढोका लगाएर, मोबाइलमा नै झुण्डिएर बसिरहन्थ्यो। बाबु हरिले केही गरी बोलायो भने झर्किएर जवाफ दिन्थ्यो। बि.ए. पढ्नका लागि कलेज भर्ना भयो रवि। उसकी साथी शान्ति पनि कलेज जान थाली। हरि अब त छोराले आफ्नो व्यवसाय-होटेल हेरिदेओस् भन्ने चाहन्थ्यो तर रविलाई त्यसको मतलब नै थिएन। नजिकैको स्कुलमा एकाउण्टेण्टको जागीर खान थाल्यो उसले। शान्ति त्यही स्कूलमा शिक्षिका थिइन्।

जागीर खाएर कमाएको पैसा रवि आफूखुशी नै खर्च गर्ने गर्दथ्यो। बाबुलाई पैसा दिने या केही सरसल्लाह गर्ने उसको बानी नै थिएन। केही वर्ष पछि रविले शान्तिसित बिहे गर्ने निर्णय गर्यो। एकतर्फी रुपमा बाबुलाई आफ्नो निर्णय सुनायो। एक दिन मन्दिरमा गएर माला साटासाट गरेर बिहे गरे उनीहरूले। बाबुको केही भूमिका खोजेनन् दुवैले। शान्तिलाई लिएर घर आयो, अनि सरासर कोठाभित्र लाग्यो। आफ्नो एक मात्र छोराको धुमधामसित विवाह गर्ने हरिको इच्छा अधुरै रह्यो। ऊ हेरेको हेर्यै भयो। आफ्नो भाग्यलाई सराप्न बाहेक ऊ अरु के नै पो गर्न सक्दथ्यो र ? चुपचाप नै रह्यो ऊ।

हरिको घरमा बुहारीका रुपमा शान्तिले प्रवेश गरेपछि त झनै कोलाहलविहीन अशान्ति छायो घरमा। तीन जनाको सानो परिवारभित्र पनि हरि एक्लै भइसकेको थियो। छोराबुहारी कहिल्यै घरमा खाँदैनथे। बाहिर नै खाएर आउँथे। कहिलेकाहीं त दुवै रक्सी खाएर मात्तिएर हल्ला गर्दै आउँथे। यो उमेरसम्म त्यत्ति लामो होटेल व्यवसाय गरेको अनि विदेशमा झण्डै एक वर्ष काम गरेको भएतापनि हरिको मुखमा अझसम्म रक्सी परेको थिएन। तर छोराबुहारी ?

यसरी नै दिन–हप्ता–महिना–वर्ष बित्दै गए।

छोराबुहारी जस्ता भए पनि नातिनातिना आएपछि त ठीक होला भन्ने हरिको सपना समेत पूरा हुने छाँट देखिएको थिएन।

एक दिन हरिले उसका छोराबुहारी विदेश जाने तरखरमा लागिरहेको कुरा अरु कसैबाट सुन्यो। जे जस्तो भए पनि आफ्नो छोरो आफ्नै घरमा भइदिएकोमा सन्तोष मानिरहेका हरिले अब त त्यही छोरो पनि बाहिर जाने भयो भनेर चिन्ता गर्न थाले। भरे बेलुका छोरालाई सम्झाउँछु भनेर मुस्किलसित दिन कटायो उसले। त्यो दिन बेलुकी छोराबुहारी घर आएनन्। अर्को दिन, अर्को दिन गरेर चार–पाँच दिन नै घर आएनन् उसका छोराबुहारी। "आफूलाई एक वचन नसोधी विदेश गयो छोरो" भन्ने मानेर चित्त दुखाइरहेको थियो हरि।

त्यो दिन अर्थात् चैत्र ६, २०७५ को बेलुकी छोराबुहारी घर आए। उनीहरूले उसको मुख नै हेरिरहेका थिएनन्, आफ्नै धूनमा थिए दुवै। साहस बटुलेर हरिले भन्यो, "बाबु ! यत्तिका दिन तिमीहरू कहाँ थियौ ? फेरि तिमीहरू विदेश जान लागेका रे भनेर पनि सुनें। गइसक्यौ कि भन्ने ठानेर चिन्ता गरिरहेको थिएँ। आज आयौ, खुशी लाग्यो। यहाँ के कमी छ र तिमीहरूलाई ? म बूढोलाई यसरी एक्लै छोडेर विदेश नजाऊ बाबु।"

यत्ति कुरा भनेर भ्याएको पनि थिएन हरिले, बुहारीले आँखा तरी। अनि रवि चर्किन थाल्यो। "शान्तिलाई अमेरिकाको डिभी पर्यो। मैले पनि डिपेण्डेण्ट भिसा पाएँ। यस्तो मौका मिल्दा पनि तपाईं भनेर म किन यहाँ बस्ने ? तपाईं बस्नु न होटेल चलाएर यहीं आनन्दसँग। भोलि बिहानकै फ्लाइट छ हाम्रो।"

यत्ति भनि नसक्दै कोठाको ढोका ढ्याम्म लगायो रविले। हरि हेरेको हेर्यै भयो। आँखाभरि आँसु लिएर कोठामा आएर पल्टियो। भोलिपल्ट बिहानै ट्याक्सी बोलाएर बाबुलाई एक वचन नसोधेरै उनीहरू गए। हरिले हत्तपत्त उनीहरूको कोठातिर गएर हेर्न खोज्यो। उनीहरूको कोठाको ढोकामा ठूलो ताल्चा लागेको थियो।

त्यो दिन २०७५ चैत्र ७ को दिन थियो। त्यो दिनदेखि नै त्यो भित्तेपात्रो फेरिएको रहेनछ, न त उनीहरूको कोठाको ताल्चा नै खोलिएको थियो। छोराबुहारीको आजसम्म केही खबर पाएको छैन हरिले तर उसका दिन भने एकतमासले यसरी नै बितिरहेको छ।

आँखामा दृश्यहरू आउन बन्द भए अब।

जुरुक्क उठेर घडी हेर्यो हरिले। बिहानको साढे छ बजिसकेको थियो। बाहिर उज्यालो भइसकेको थियो।

ऊ सरासर भित्तातिर अघि बढ्यो। २०७५ को क्यालेण्डर झिकेर फालिदियो। अनि बाहिरतिर हिंड्यो।

दश मिनेटपछि ऊ फर्किएर आयो। हातमा लिएर आएको २०८२ को पात्रोलाई फागुन महिनामा पल्टायो, अनि भित्तामा झुण्ड्याइदियो। त्यसपछि भने लामो सुस्केरा फेर्यो उसले।

विश्व

## हिंसालाई वैधानिकता दिने तालिबानको नयाँ आदेशको राष्ट्रसङ्घद्वारा निन्दा

जेनेभा, १५ फागुन।

मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त भोल्कर टर्कले अफगानिस्तानमा महिला र बालबालिका विरुद्धको हिंसालाई वैधानिकता दिने तालिबान सरकारको नयाँ आदेशको कडा निन्दा गरेका छन्।

मानव अधिकार परिषद्को ६१ औं सत्रको अन्तरक्रियात्मक संवादमा बोल्दै टर्कले अफगानिस्तानलाई मानव अधिकारको चिहानको रुपमा वर्णन गरेका छन्। सन् २०२१ तालिवान सत्तामा आए पछि महिलाहरूलाई माध्यमिक र उच्च शिक्षा, रोजगारी, र स्वास्थ्य सेवा र सार्वजनिक स्थानहरूमा पहुँचमा प्रतिबन्ध लगाएको छ। जसले उनीहरूलाई सामाजिक र आर्थिक रूपमा सीमान्तकृत बनाएको जनाइएको छ।

टर्कले गत महिना तालिबान नेताद्वारा हस्ताक्षर गरिएको आदेशको निन्दा गर्दै जसले मृत्युदण्डको अभ्यास विस्तार गरी शारीरिक सजायलाई वैधानिकता दिने उल्लेख गर्दै यसले महिलाको स्वतन्त्रतालाई अझ कमजोर पार्ने बताएका छन्। उनले यी उपायहरूले, महिलाको आन्दोलन, शिक्षा र रोजगारीमा प्रतिबन्ध मझभुत बनाउदै प्रणालीगत उत्पीडन र लैङ्गिकताका आधारमा चरम उत्पीडन र रंगभेदको सम्झना दिलाउने कुरामा जोड दिएका छन्।

उच्चायुक्तले तालिबानले सन् २०२५ सेप्टेम्बर देखि संयुक्त राष्ट्रका कर्मचारीलगायतका अफगान महिलाहरूलाई संयुक्त राष्ट्र परिसरमा प्रवेश गर्न प्रतिबन्ध लगाएकोमा चिन्ता व्यक्त गर्दै सम्वेदनसिलता अनिवार्य ड्रेस कोड र मिडिया, सार्वजनिक सेवा र मानवीय कार्यमा महिलाहरूले सामना गर्ने असाधारण चुनौतिहरूलाई प्रकाश पारेका छन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ।

**वृष** — रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**मिथुन** — परिस्थितिले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ।

**कर्कट** — परिस्थितिले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ।

**सिंह** — मिहिनेतले आयस्रोत बढाउन सकिनेछ। व्यापारमा अड्किएको रकम उठ्नेछ। भविष्यका लागि केही लगानी बढाउन सकिनेछ।

**कन्या** — तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ। प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले लक्ष्य प्राप्ति हुनेछ। पुरानो मित्रताले प्रेमको मार्ग अवलम्बन गर्न सक्छ।

**तुला** — मिहिनेतले आयस्रोत बढाउन सकिनेछ। व्यापारमा अड्किएको रकम उठ्नेछ। भविष्यका लागि केही लगानी बढाउन सकिनेछ।

**वृश्चिक** — परिस्थितिवश केही समस्यामा अल्झनुपर्ने देखिन्छ। अरूका लागि धन र बुद्धि खर्चनुपर्ला। बाध्यताले अलमल्याउन सक्छ।

**धनु** — तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ।

**मकर** — शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ।

**कुम्भ** — शुभचिन्तकहरूले साथ दिने हुँदा प्रतिष्ठित काम गर्ने मौका छ। विशेष अध्ययन तथा नयाँ ज्ञानको खोजीमा समय बित्नेछ।

**मीन** — तत्कालको सानो फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ। परिस्थितिवश आफन्तबाट टाढिनुपर्ने हुन सक्छ। आफ्नो क्षेत्रमा अरूले प्रभाव जमाउन सक्छन्।

गजल

## तिमी सपना



✍ मनमोहन ठकुल्ला

तिमी सपनाको झुपडी
जलाएर किन गयौ ?
बीच बाटोमै यति चाँडै
फसाएर किन गयौ ?

सपना बुनेर सपना बोकी
आउँछु भनेर
आज सपनाकै सहरमा
हराएर किन गयौ ?

तिम्रै खुसी साट्न आफ्नै
खुसी दाउमा राखेँ
आफू खुसीको दरबार बस्न
सताएर किन गयौ ?

चौतारीमा बसेर बाटो
कुरिरहँदा डुब्यो घाम
व्यर्थै आउँछु भनेर दिउँसै
बहकाएर किन गयौ ?

दिलमा तिमीले अर्कैलाई
सजाउनु थियो भने
आखिर मलाई अँगालोमा
सजाएर किन गयौ ?

कथा :

# शिलाकी सुन्दरी र समयको पदचाप



✍ नारायणनाथ योगी

लिच्छविकालीन आकाशमुनि मानदेवको संवत्सरले नयाँ पाइला चाल्दै थियो । बागमतीको किनारमा अवस्थित कार्यशालामा एउटा ढुङ्गासँगै कलाकार भद्रसेनको भाग्य ठोकिएर बसिरहेको थियो । राजाको आदेश स्पष्ट थियो– एउटा यस्तो 'उमा-महेश्वर' को मूर्ति बनोस्, जसमा शिवको ब्रह्माण्डीय वैराग्य र पार्वतीको देहको अनन्त लावण्यको एउटै बिन्दुमा मिलन होस् । तर भद्रसेनको चेतनाभित्र भने एउटा अर्को दृश्यले जरा गाडेको थियो ।

केही समयअघि मन्दिरको स्वर्ण झ्यालबाट उनले राजकुमारी रत्नप्रभालाई देखेका थिए । सुसारेहरूका बीचमा हिँडिरहँदा पनि उनका पाइलाले भुइँ टेकेजस्तो लाग्दैनथ्यो । उनको शरीरको वक्रता र रेशमी वस्त्रको लुकामारीले भद्रसेनको मनमा एउटा आदिम हुरी चलाएको थियो । त्यही क्षणदेखि भद्रसेनका रातहरू अनिदा थिए ।

कार्यशालाको चिसो भुइँमा बसेर उनले कालो शिलालाई सुम्सुम्याए । उनको हातमा रहेको फलामको छिनो आज गह्रौं भइरहेको थियो । उनले ढुङ्गामा पहिलो चोट प्रहार गरे । छिनो र ढुङ्गा ठोकिएर निस्केको झिल्का उनको नसामा बगिरहेको रगतको रापभन्दा कम तातो थिएन । उनले आँखा चिम्ले । ढुङ्गाको भित्र रत्नप्रभाको सुडौल शरीर लुकेको छ जस्तो लाग्यो । उनले बिस्तारै ढुङ्गाको पत्र उप्काउन थाले, मानौँ उनी राजकुमारीको शरीरबाट एउटा-एउटा वस्त्र उतार्दै छन् ।

दिन बित्दै गए । भद्रसेन आफैँ पग्लिँदै गए तर ढुङ्गाले भने प्राण पाउँदै गयो । पार्वतीको कम्मरको घेरा र नाभीको गहिराइ कोर्दै गर्दा भद्रसेनको श्वासप्रश्वास तीव्र हुन्थ्यो । उनको निधारबाट पसिनाका थोपाहरू चुहिएर शिलाको वक्षस्थलमा खस्थे । त्यो केवल ढुङ्गाको काम थिएन । त्यो त एउटा पुरुषको अतृप्त यौन भोक र एउटा कलाकारको समर्पणको युद्ध थियो । जब उनी पार्वतीको स्तनको उभारलाई अन्तिम स्वरूप दिँदै थिए, उनले औँलाहरूमा एउटा अनौठो कम्पन महसुस गरे । उनलाई लाग्यो, उनले पत्थर छोइरहेका छैनन्, बरु रत्नप्रभाको तातो शरीरको स्पर्श लिइरहेका छन् । उनको यो मानसिक मैथुनले शिलालाई झन्-झन् जीवन्त र कामुक बनाउँदै लग्यो ।

अन्ततः त्यो दिन आयो, जब राजा र राजकुमारी रत्नप्रभा स्वयंले कार्यशालामा पदार्पण गरे । कार्यशालामा एक किसिमको भारी सन्नाटा थियो । भद्रसेनले काँपिरहेको हातले मूर्तिको पर्दा उघारे ।

मूर्ति देख्नेबित्तिकै सबैका आँखा तिरमिराए । त्यहाँ ढुङ्गा थिएन, त्यहाँ त कामकलाको एउटा उत्सव थियो । पार्वतीको अनुहारमा ठ्याक्कै रत्नप्रभाको त्यो मन्द र मादक मुस्कान थियो । उनको शरीरको बनावट यति यथार्थपरक थियो कि लाग्थ्यो, त्यो पत्थरले अहिले नै लामो सुस्केरा हाल्नेछ । रत्नप्रभाको नजर आफ्नो प्रतिमूर्तिमा ठोकिन पुग्यो । उनले आफ्नो शरीरको गोप्य वक्रताहरूलाई त्यो शिलामा छताछुल्ल देखिन् । उनलाई आफ्नो नग्नताको यस्तो पवित्र र कलात्मक उजागरले स्तब्ध बनायो ।

रत्नप्रभाले भद्रसेनलाई हेरिन् । भद्रसेनका आँखा राता थिए, अनुहार चाउरिएको थियो तर उनको दृष्टिमा एउटा यस्तो तृप्ति थियो, जुन कुनै प्रेमीले आफ्नो प्रेमिकाको काखमा मात्र प्राप्त गर्छ । त्यो क्षणमा कार्यशालाको हावामा एउटा अदृश्य कामवासनाको तरङ्ग फैलियो । राजकुमारीका गाला लाजले रक्तिम भए । उनले आफ्नो काँधमा रहेको रेशमी सललाई अझ कसिलो गरी बेरिन् । उनलाई महसुस भयो, भद्रसेनको छिनोले उनको छाला मात्र होइन, उनको हृदयको सबैभन्दा गोप्य पत्र समेत उप्काइदिएको छ । यो एउटा यस्तो मिलन थियो, जहाँ शरीर टाढै थिए तर आत्मा एकअर्कामा लीन भइसकेका थिए ।

भद्रसेनले बिस्तारै आफ्नो छिनो र हम्मर भुइँमा राखे । ती औजारहरू अब उनका लागि फलामका टुक्रा मात्र थिएनन्, ती त उनका भोक र आवेगका साक्षी थिए । उनको भित्र वर्षौंदेखि गुम्सिएको कामवासनाको आगो अब निभिसकेको थियो । उनले आफ्ना सारा चाहनालाई त्यो शीतल पत्थरमा विसर्जन गरिदिएका थिए ।

त्यस साँझ भद्रसेन मन्दिरको पेटीमा एक्लै बसे । अगाडि बागमती शान्त बगिरहेकी थिइन् । अब उनलाई न रत्नप्रभाको शरीरको तिर्खा थियो, न त कुनै नयाँ कला सिर्जना गर्ने उन्माद । एउटा महान् सिर्जनाले स्रष्टालाई सधैँका लागि रित्तो बनाइदिन्छ । उनी त्यही रित्तोपनको परमानन्दमा डुबेका थिए । बाहिर सुतिरहेको भूमिमा बतासले नयाँ कथाका बीज छर्दै थियो, तर भद्रसेनका लागि भने एउटा महाकाव्यको अन्त्य भइसकेको थियो ।

कविता

## छातीका लाम्टा र राज्यका वाचा



✍ राजेन्द्रप्रसाद पोखरेल

छोराछोरी जहाज चढ्छन्
कोही रहर बोकेर
कोही बाध्यता सम्हालेर ।
आमाबुबा ढोकामा उभिन्छन्
जहाजभन्दा ढिलो
हात झार्दै ।

रहरले गएकाहरू
सहरमा सेट हुन्छन्
कानुनको सुरक्षा पाउँछन्
र कहिलेकाहीँ
उतैबाट देशलाई
उपदेश दिन्छन् ।

"त्यहाँ सम्भावना थिएन,"
भन्छन्
तर त्यो कुरा भुल्छन्
'त्यहाँ' पुग्ने बाटो
यही माटोले
खनेको थियो ।

बाध्यताले गएकाहरू
देश छोड्दैनन्
देश बोक्छन्
थकित शरीरमा
अनिँदो रातमा
र हरेक रेमिट्यान्समा ।

यता
नवपुस्ता
कुरा धेरै गर्छ
नारा, बहस, पोस्ट ।
काम गर्ने बेला
देशलाई
बाबुआमाकै काँधमा
छोडिन्छ ।

त्यही काँधमा
खेत छ
घर छ
इतिहासको बोझ छ
र अहिले
म्यादी प्रहरीको
टोपी पनि ।

पचासे आमाहरू
छातीका लाम्टा हल्लाउँदै
लाइनमा उभिन्छन्
राष्ट्रको सुरक्षा गर्न होइन
छोराछोरीको भविष्य
जोगाउन ।

लाठी समात्दा
हात काँप्छ
तर आत्मा होइन
किनकि यो भर्ती
रहरको होइन
आमाको बाध्यता हो ।

राज्य भन्छ
"रोजगारी छ,"
तर त्यो रोजगारी
म्यादले बाँधिएको
गरिमा हो ।

सुशासन भाषणमा सफा
कार्यालयमा अल्झिएको
समृद्धि शब्दमा ठूलो
जीवनमा सानो ।

कुनै दिन
यो देश बुझ्नेछ
नाराले होइन
आमाको पसिनाले
भाषणले होइन
बाध्यताले विदेशिएका
छोराछोरीका
ननिदाएका रातले ।

त्यो दिन
छातीका लाम्टा
हावामा होइन
इतिहासमा हल्लिनेछन्
र राज्यका वाचा
पहिलोपटक
आमाको आँखासामु
उत्तरदायी हुनेछन् ।

गजल

## जोखीजोखी



✍ पालुङे चरो

जोखीजोखी बोल्नुपर्छ
कहिलेकाहीँ भारी पर्छ
रुघाखोकी ज्वरो पनि
कहिले महामारी पर्छ ।

साथीभाइ आफन्तको सधैँ
भर हुन्न हजुर
त्यही आफन्त कहिलेकाहीँ
खुनी बलात्कारी पर्छ ।

के-के सोच्छ, के-के बुझ्छ,
धान रोपेर मकै खोज्छ
मकै त्यहीँ भेटिने हो जहाँ
मकैबारी पर्छ ।

दुई किनारमा उभी हेर्दा
वारी-पारी, पारी-वारी
मैले जसलाई वारी भन्छु,
उसले भन्छ पारी पर्छ ।

कानुन, नियम, नीति, विधि
सबलाई एकै हो भने त
हजुर किन भन्नुहुन्छ कस्तो
कर्मचारी पर्छ ?

कविता

## मेरो पनि घोषणापत्र



✍ छदिलीप श्रेष्ठ

मेरो पनि घोषणापत्र छ (१)
म मतदाता मात्र हुँ तर
मेरो पनि घोषणापत्र छ !

खन्ती लुकाएर साधुभेषमा
आएका चोरहरूलाई भोट नदिने
कण्ठमा विष राखेर वाणीभेषमा
आएका सुमधुर स्वरहरूलाई
भोट नदिने ।
गनाएका फोहोरहरूलाई भोट
नदिने
हाम्रै खल्ती काटेर हामीलाई नै
किन्न आएका मोहरहरूलाई
भोट नदिने ।

सिङ्गै देशलाई पन्छाएर
आफ्नै स्वार्थमा जुट्नेहरूलाई
भोट नदिने ।
एउटा पुल बनाउँदा
दुइटा पुल लुट्नेहरूलाई भोट
नदिने ।
आफैँ हलो अड्काएर
गोरु कुट्नेहरूलाई भोट नदिने ।
रातदिन उधारो सपना बाँडेर
दिमाग फुट्नेहरूलाई भोट नदिने।

आज पनि म भोको छु...
मेरै छाक काट्नेहरूलाई भोट
नदिने । जे भने पनि पत्याउनु
मेरो पनि गल्ती हो
गीता छोएर सधैँ ढाँट्नेहरूलाई
भोट नदिने ।

## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**अवलचिङ्ग, सुर्खेत,**
**कर्णाली प्रदेश, नेपाल**

### बेरोजगार व्यक्तिको सूचीमा सुचीकृत हुने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८२।११।१३**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (थ), रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ को उपदफा १ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिका २०८२ को दफा १७ र मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यबिधि २०८२ को अनुसूची ३ को (६) बमोजिम न्यूनतम रोजगारी प्राप्त गर्नका लागि आगामी आ.व. २०८३।०८४ मा संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारद्धारा संचालन हुने बेरोजगार सहायता तथा अन्य रोजगारमूलक सीपमूलक उद्दमशिलता विकासका कार्यक्रमहरुमा सहभागी हुनका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन र चालु आ.व.मा सूचिकृत भएका व्यक्तिहरुले आगामी आ.व.को लागि नविकरण हुन ईच्छुक भएमा १८ वर्ष देखी ५९ बर्ष उमेर समुहका व्यक्तिहरुले आफ्नो वडा कार्यालयमा गई आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रतिलिपी र एक प्रति पासपोर्ट साईजको फोटो) सहित मिति २०८२।११।३० गते सम्म तोकिएको ढाँचामा निवेदन दिनुहुन यसै सूचना मार्फत सम्बन्धित गाउँपालिका बासीहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*(नोटः- थप जानकारीका लागि रोजगार सेवा केन्द्रको ९८५८०५४४४५ नंम्वरमा सम्पर्क गर्न सकिने छ ।)*

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## निर्वाचन...

सहज सञ्चालन हुनेछ । सार्वजनिक तथा निजी सवारीसाधन भने यही फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय भएको आयोगले जनाएको छ ।

त्यस्तै, मतदानको दिनमा अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडान यथावत सञ्चालनको व्यवस्था मिलाइनेछ । अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलदेखि घर र बसोबास गर्ने होटलसम्म ल्याउन सहज व्यवस्था गरिएको छ ।

त्यस्तै, घर बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिनेगरी आवश्यक व्यवस्था मिलाइने आयोगले उल्लेख गरेको छ ।

**यी कागजात देखाएर मतदान गर्न पाइन्छ**

प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ अनुसार मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र देखाएर मतदान गर्न सक्नेछन् । त्यस्तै, राष्ट्रिय/परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारी चालक अनुमतिपत्र लिएर मतदान केन्द्रमा जान सक्नेछन् । सो बमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जान सक्नेछन् ।

त्यस्तै, मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउने कुरा मतदानमा खटिने सुरक्षाकर्मी कर्मचारी र सरोकारवालालाई सूचना सम्प्रेषण गर्ने निर्णय भएको आयोगले उल्लेख गरेको छ ।

मतदानको दिनमा निर्वाचन आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट जारी हुने सवारी पास उपलब्ध गराउन आयोगको सचिवालय परिसरमा पास वितरण एकाइ खडा गर्ने र सो एकाइमा निर्वाचन आयोगको तर्फबाट दुई जना र जिल्ला प्रशासन कार्यालय काठमाडौँको तर्फबाट दुई जना कर्मचारीलाई तोकिनेछ ।

## सामाजिक...

'विशेष गरी हामीले निर्वाचन आचारसंहिता २०८२ लाई लक्षित गरेर सामाजिक सञ्जालको निगरानी गरिरहेका छौं', उनले भने, 'सामाजिक सञ्जालमार्फत अपराधजन्य क्रियाकलापमा संलग्नलाई घटनाको प्रकृति हेरेर सम्झाउनेदेखि कानुन बमोजिम मुद्दा चलाउने अधिकार साइबर सेललाई छ ।'

व्यक्तिगत वा कसैको निहित स्वार्थमा प्रयोग हुने तथा अरुलाई नकरात्मक टिप्पणी गरेर कानुनी झमेलामा पर्नुभन्दा यस्ता कार्यमा संलग्न नहुन सामाजिक सञ्जाल प्रयोगकर्ताहरुलाई उनले अनुरोध गरे । सामाजिक सञ्जालमा फैलाइने भ्रामक तथा मित्थ्या सूचना, नकारात्मक टिप्पणी, गालीगलौच, मानहानी लगायत विद्युतिय माध्यमबाट हुने अपराधले समाजमा नकरात्मक प्रभाव पार्ने उल्लेख गर्दै यसले भावि पुस्तामा पार्न सक्ने असरका बारेमा बेलैमा सचेत रहनुपर्ने प्रवक्ता बुढथापाले बताए । साइबर अपराध सम्बन्धि घटनाका पीडितहरुले प्रहरी फोन वा भौतिकरुपमा उपस्थित भएर जानकारी गराउन सकिने उनले बताए ।

## यस्तो छ...

हुन्छ ।

आफूलाई निर्वाचन आचारसंहिताविपरीतको व्यवहार भए निर्वाचन आयोगमा लिखित, मौखिक, सामाजिक सञ्जाल वा विद्युतीय माध्यमहरू प्रयोग गर्न सकिन्छ । यस्तै, आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोलीसमक्ष उजुरी दिन सकिने व्यवस्था छ । यसरी आएका उजुरीमा आचारसंहिता उल्लंघन भएको ठहर भए एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

यस दैनिक पत्रिकाको मिति २०८२ फागुन १४ गते अंक ३०७ को पृष्ठ क मा प्रकाशित सूचनामा भुलबस अन्यथा विवरण पर्न गएको हुँदा हामी क्षमाप्रार्थी छौं । उक्त विवरणहरुलाई भुलसुधार गरी सच्याउँदै पुनः यो सूचना प्रकाशित गरिएको छ ।

## Directorate of Water Supply, Irrigation and Energy Development

**Surkhet, Karnali Province, Nepal**

### Invitation for Electronic Bids

**Tender Notice No: 5-082/083**

**(Date of First time Publication: 2082/11/15 (2026-feb-27))**

1. DWIED, Surkhet invites electronic bids from eligible bidders for following works under National Competitive Bidding (NCB) procedure. Bidders may obtain further information from the PPMO's web portal https://bolpatra.gov.np/egp/.

| S. N | Contract Number | Description of work | Estimated Amount (including P.S.) without VAT and Contingency | Bid Security Amount | Fee for Bid Document | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 14/082-083/ NCB/Works/ ISP/DWIED-Surkhet | Construction of Kharkhola Pakki Sichai Kulo Nirman Yojana Gurbhakot-14, Surkhet | 1,71,82,321.82 | 4,50,000.00 | 3,000.00 | Single Stage Single Envelope. |
| 2 | 15/082-083/ NCB/Works/ DWIED-Surkhet | Construction of 2-Different Irrigation & 1-Water Supply Project, Surkhet. | N.A. | 6,70,000.00 | 5,000.00 | Single Stage Double Envelope. |

**For Director**

# पेट्रोलियम पदार्थको बिक्रीमा रोक

**युग संवाददाता**
**कालीकोट, १५ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न जथाभावी पेट्रोलियम पदार्थ बिक्रीमा रोक लगाएको छ। जिल्ला प्रशासन कार्यालयले पेट्रोलियम पदार्थको खुला बिक्रीवितरणमा रोक लगाएको हो।

निर्वाचन अवधिभर पेट्रोल, डिजेल र मट्टितेललगायत पेट्रोलियम पदार्थ बोतल, जर्किन वा अन्य खुला भाँडामा बिक्रीवितरण गर्न रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले बताए।

जिल्ला सुरक्षा समितिको बैठकअनुसार इन्धन बिक्री गर्ने सबै पेट्रोलपम्प तथा व्यवसायी अनिवार्य रूपमा सम्बन्धित निकायमा दर्ता भई सञ्चालन भएको हुनुपर्ने र दर्ता नभएका व्यक्ति वा संस्थाले पेट्रोलियम पदार्थ बिक्री-वितरण गर्न नपाउने गरी रोक लगाइएको उहाँले जानकारी दिए।

त्यसैगरी तोकिएको मूल्यभन्दा बढी मूल्यमा बिक्री, कृत्रिम अभाव सिर्जना, अनावश्यक मौज्दात राख्ने वा निर्वाचन प्रयोजनबाहेक अन्य प्रयोजनका लागि दुरुपयोग गर्न नपाइने व्यवस्था गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

एम्बुलेन्स, अस्पताल, सुरक्षा निकाय तथा निर्वाचन प्रयोजनका सवारीसाधनलगायत अत्यावश्यक सेवामा संलग्न सवारीसाधनलाई मात्र सम्बन्धित निकायको सिफारिस वा आधिकारिक परिचयपत्रका आधारमा आवश्यक परिमाणमा इन्धन उपलब्ध गराइने कार्यालयले जनाइएको छ।

"उक्त व्यवस्था कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा नेपाल आयल निगमको समन्वयमा नियमित तथा आकस्मिक अनुगमन गरिनेछ। सुरक्षा समितिको निर्णय उल्लङ्घन गर्ने व्यक्तिलाई प्रचलित कानुनबमोजिम जरिवाना, इजाजतपत्र निलम्वन वा खारेजसहित आवश्यक कानुनी कारबाही गरिने छ", सहायक प्रमुख जिल्ला अधिकारी शर्माले भने

पेट्रोलियम व्यवसायी, ढुवानी व्यवसायी तथा आमनागरिकलाई अनिवार्य रूपमा निर्णय पालना गर्न तथा कुनै शङ्कास्पद गतिविधि देखिएमा तत्काल प्रशासन वा सुरक्षा निकायमा जानकारी गराउन आग्रह गरिएको छ।

# तिर्न बाँकी सरकारी ऋण २८ खर्ब ५८ अर्ब नाघ्यो




**युग संवाददाता**
**काठमाडौं, १५ फागुन ।**

तिर्न बाँकी सरकारी ऋण साढे २८ खर्ब नाघेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको गत माघ मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कुल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब चार करोड रहेकामा माघ मसान्तसम्ममा रु एक खर्ब ८४ अर्ब ९३ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु २८ खर्ब ५८ अर्ब ९७ करोड पुगेको छ। जुन कुल गार्हस्थ्य उत्पादनको ४६ दशमलव ८१ प्रतिशत रहेको कार्यालयले जनाएको छ।

हालसम्म तिर्न बाँकी ऋणमध्ये आन्तरिक ऋण दायित्व रु १३ खर्ब ४९ अर्ब १३ करोड र बाह्य ऋण दायित्व रु १५ खर्ब नौ अर्ब ८४ करोड रहेको छ। कुल सार्वजनिक ऋणमा माघ मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव ८१ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ दशमलव १९ प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षमा सरकारले रु पाँच खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा माघ मसान्तसम्ममा रु दुई खर्ब ५५ अर्ब ४८ करोड प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा हालसम्मको कुल सार्वजनिक ऋण प्राप्ति ४२ दशमलव ८९ प्रतिशत हो।

यस वर्ष आन्तरिकतर्फ रु तीन खर्ब ६२ अर्ब ऋण उठाउने सरकारी लक्ष्य रहेकामा ६० दशमलव १३ प्रतिशत अर्थात् रु दुई खर्ब १७ अर्ब ६६ करोड उठिसकेको छ भने रु एक खर्ब ४४ अर्ब ३३ करोड प्राप्ति हुन बाँकी छ।

त्यस्तै, बाह्य ऋणतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड उठाउने लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको १६ दशमलव १८ प्रतिशत अर्थात् रू ३७ अर्ब ८१ करोड प्राप्त भइसकेको छ भने रु एक खर्ब ९५ अर्ब ८४ करोड प्राप्त हुन बाँकी रहेको छ।

त्यस्तै, सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि सरकारले यस वर्ष रु चार खर्ब ११ अर्ब एक करोड विनियोजन गरेकामा माघ मसान्तसम्ममा रु दुई खर्ब तीन अर्ब ६५ करोड भुक्तानी भइसकेको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा ४९ दशमलव ५५ प्रतिशत हो। कुल गार्हस्थ्य उत्पादनका आधारमा माघ मसान्तसम्ममा कुल ऋण सेवा खर्च तीन दशमलव ३३ प्रतिशत रहेको छ।

# आगामी वर्षको कर नीतिबारे सुझाव दिन राजस्व परामर्श समिति

**युग संवाददाता**
**काठमाडौं, १५ फागुन ।**

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण प्रक्रिया औपचारिक रूपमा अघि बढाइएको छ। बजेट तर्जुमा अघि राजस्व नीति, कर संरचना, भन्सार दर, राजस्व प्रशासन तथा समष्टिगत आर्थिक सुधारका विषयमा ठोस सुझाव सङ्कलन गर्ने उद्देश्यले गत माघ २८ गतेको मन्त्री स्तरीय निर्णयबाट राजस्व परामर्श समिति गठन गरिएको छ।

अर्थ मन्त्रालयका सचिव (राजस्व) को संयोजकत्वमा समिति गठन भई कार्य प्रारम्भ गरिसकेको प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिए। समितिमा सरकार, केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूको सहभागिता रहेको छ। समितिको सदस्यमा त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख वा तोकिएका वरिष्ठ प्राध्यापक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयबाट मनोनित दुई जना विज्ञ (अर्थविज्ञ र करविज्ञ) रहेका छन्।

त्यस्तै, निजी क्षेत्रका छाता सङ्गठनबाट पनि प्रतिनिधित्व गरिएको छ। समितिमा नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल आर्थिक सङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग व्यापार महासङ्घ तथा नेपाल घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष वा तोकिएका वरिष्ठ पदाधिकारी सदस्यका रूपमा रहेका छन्। अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका सहसचिवलाई सदस्य-सचिव तोकिएको छ।

**अनुसुची १५**
**(दफा ३३ को उपदफा (२) संग सम्वन्धीत)**


## काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रीको सूचना

**दोश्रो पटक प्रकाशीत मिति २०८२।११।१६**

श्री गजेनीपाखा सामुदायिक वन उपभोक्ता समूह, कुशे गा.पा.- ०६, जाजरकोट को वनबाट आ.व. २०८०।०८१ मा उत्पादन भई घाटगद्धिमा राखिएको खोटे सल्लो जातको गोलिया काठ थान १५१ को २०८२.०८ क्यु फिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धिवाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकाले यो सुचना प्रकाशन गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरीन्छ। यस सम्वन्धी विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सुचना यस श्री गजेनीपाखा सामुदायिक वन उपभोक्ता समूह, कुशे गा.पा.- ०६, जाजरकोट, डिभिजन वन कार्यालय जाजरकोट र कुशे सव डिभिजन वन कार्यालयको सुचना पाटीमा टाँस गरीएको छ।

**श्री गजेनीपाखा सामुदायिक वन उपभोक्ता समूह**
**कुशे गा.पा.- ०६, जाजरकोट**







**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।